# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

१५ कात्तिक, २०७९

### कालिकोटमा भएको बम विष्फोटको घटनाको आयोगद्वारा अनुगमन शुरू

कालीकोटको तिलागुफा नगरपालिका, १० मा मिति २०७९ कात्तिक १२ गते बम विष्फोटमा परी २ जना बालिकाको मृत्यु भएको एवम् ३ जना बालबालिका घाइते भएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित निकायमा पत्राचार गर्नुका साथै, घटनाको स्थलगत अनुगमन गर्न टोली पठाएको छ ।

यस प्रकारका घटनाहरू बिगतदेखि नै भइरहेको सन्दर्भमा यस्ता घटनालाई संवेदनशीलरूपमा लिई घटनाको स्वतन्त्र र निष्पक्ष छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन, घटनाका पीडितलाई राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न, घाइते बालबालिकाहरुको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, आगामी दिनमा यस प्रकारका घटना नदोहोरिने वातावरणको सुनिश्चितता गर्न तथा व्यक्तिको जीवनको अधिकार संरक्षण गर्ने गराउने कार्यमा संवेदनशील हुन आयोग नेपाल सरकार र सम्बद्ध निकायलाई आग्रह गर्दछ ।

............

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org